# पर्यटन नीति, २०८१

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार

बिषय सूचि

परिच्छेद- एक ........................................................................ १
परिचय ........................................................................ १
१.१ पृष्ठभूमि........................................................................ १
१.२ विगतका प्रयासहरू ........................................................................ १
१.३ वर्तमान स्थिति ........................................................................ २
१.४ समस्या र चुनौती........................................................................ २
१.४.१ समस्या........................................................................ २
१.४.२ चुनौती........................................................................ २
१.५ नयाँ नीतिको आवश्यकता ........................................................................ ३
परिच्छेद- दुई ........................................................................ ४
नीतिको संरचना........................................................................ ४
२.१ दूरदृष्टि (Vision) ........................................................................ ४
२.२ लक्ष्य (Goal)........................................................................ ४
२.३ उद्देश्यहरू (Objectives) ........................................................................ ४
२.४ रणनीतिहरू ........................................................................ ४
२.४.१ सम्भावित र उदीयमान पर्यटकीय क्षेत्रको अन्वेषण तथा अध्ययन अनुसन्धान गर्ने। .. ४
२.४.२ विद्यमान पर्यटकीय उपजको स्तरोन्नती र विकास गर्ने। ................................ ४
२.४.३ पर्यटकीय गन्तव्य र उपजको विविधीकरण र विस्तार गर्ने। ........................ ५
२.४.४ गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माण गर्ने। ........................................ ६
२.४.५ पर्यटन सेवामा पहुँच अभिवृद्धि गर्ने। ........................................................ ६
२.४.६ पर्यटन पूर्वाधार र सेवा विस्तारमा लगानी प्रवर्द्धन गर्ने। ................................ ६
२.४.७ नेपालका पर्यटकीय उपजको सम्भाव्य श्रोत बजारमा प्रचारप्रसार गर्ने। ................ ७
२.४.८ पर्यटन प्रवर्द्धनमा निजी क्षेत्र, विदेशस्थित नेपालका कुटनीतिक नियोगका साथै गैरआवासीय नेपालीसंग सहकार्य गर्ने। ........................................ ७
२.४.९ पर्यटन क्षेत्रका अन्तर्राष्ट्रिय सेवाप्रदायकसंग सहकार्य गर्ने। ............................ ८
२.४.१० पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउने। .......................................... ८
२.४.११ पर्यटकीय गन्तव्य र गतिविधिमा हुने जोखिम न्यूनीकरण गर्ने। ........................ ९



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

२.४.१२ पर्यटनबाट प्राप्त लाभ समन्यायीक रूपमा वितरण गर्ने। .................................९
२.४.१३ पर्यटन सेवाप्रवाह व्यवस्थापन प्रणालीलाई कुशल, प्रभावकारी र उत्तरदायी बनाउने। ..............................................................................................................१०
२.४.१४ पर्यटन सेवा व्यवस्थापनमा अन्तरतह तथा अन्तरनिकाय समन्वय गर्ने। ............१०
२.४.१५ पर्यटन सेवा प्रवाह गर्ने सरकारी निकाय तथा निजी क्षेत्रका सेवाप्रदायकको संस्थागत क्षमता विकास गर्ने। ........................................................................१०
परिच्छेद- तीन .............................................................................................१२
नीति कार्यान्वयन..........................................................................................१२
३.१ आर्थिक व्यवस्था.......................................................................................१२
३.२ संस्थागत व्यवस्था.....................................................................................१२
३.२.१ राष्ट्रिय पर्यटन परिषद् ..............................................................................१२
३.२.२ राष्ट्रिय पर्यटन समन्वय समिति...................................................................१२
३.३ अनुगमन, मूल्याङ्कन तथा नीति पूनरावलोकन............................................... १३
३.४ कानूनी व्यवस्था ...................................................................................... १३
३.६ जोखिम14
३.६.१ सम्भावित जोखिम.....................................................................................१४
३.६.२ जोखिम व्यवस्थापन...................................................................................१४
३.७ खारेजी तथा बचाउ....................................................................................१४
अनुसूची–१ ........................................................................................... 15
राष्ट्रिय पर्यटन परिषद्....................................................................................१५
अनुसूची–२ ...........................................................................................१६
राष्ट्रिय पर्यटन समन्वय समिति....................................................................... 16

२

परिच्छेद- एक

# परिचय

## १.१ पृष्ठभूमि

मनोरम प्रकृति, अनुपम एवम् उत्कृष्ट संस्कृति, भौगोलिक विविधता, आतिथ्यतापूर्ण संस्कार र व्यवहार, विशिष्ट रहनसहन, भेषभुषा र खानपान, सहिष्णुता र सद्भाव, ऐतिहासिक वैभव, सामाजिक तथा सांस्कृतिक विविधताबीचको एकता जस्ता मौलिक पहिचानका कारण नेपाल विश्वका सबै रूचि र उमेर समुहका पर्यटकका लागि बाह्रै महिना अद्वितीय पर्यटकीय गन्तव्यको रूपमा स्थापित छ।

यिनै सम्भाव्यतालाई उपयोग गर्दै नेपाललाई विश्व समुदायमा एक आकर्षक पर्यटकीय स्थलको रूपमा स्थापित गर्दै पर्यटन क्षेत्रलाई नेपालको आर्थिक विकासको आधारस्तम्भको रूपमा विकास र विस्तार गर्नु आजको प्राथमिकता रहेको छ।

## १.२ विगतका प्रयासहरू

नेपालमा सर्वप्रथम सन् १९५६ मा फ्रान्स सरकारको प्राविधिक सहयोगमा तर्जुमा गरिएको पर्यटन योजनालाई क्षेत्रगत योजनाको पहिलो फड्कोको रूपमा लिइन्छ। त्यसपछि सन् १९७२ मा आएको पर्यटन गुरूयोजनाले यसलाई थप अगाडी बढाएको देखिन्छ। वि.सं. २०३५ मा जारी भएको पर्यटन ऐनले यस क्षेत्रलाई थप व्यवस्थित बनाएको थियो। पर्यटन नीति, २०५२, पर्यटन नीति, २०६५, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६-२०२५) ले पर्यटनको विकासलाई थप व्यवस्थित गर्दै आएका छन्। नेपालको आवधिक योजनाको सुरुवातदेखि नै पर्यटन क्षेत्रले प्राथमिकता पाउँदै आएको देखिन्छ। संस्थागत विकासका रूपमा पर्यटन मन्त्रालय, पर्यटन विभाग, पर्यटन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण, पर्यटन सूचना केन्द्र लगायतका संस्थाहरू स्थापना भएका छन्। विश्वसामु नेपाललाई पर्यटकीय गन्तव्यस्थलको रूपमा चिनाउने उद्देश्यले सन् १९९८ लाई नेपाल भ्रमण वर्ष (Visit Nepal Year 1998), सन् २००२/०३ लाई गन्तव्य नेपाल वर्ष (Destination Nepal Year) र सन् २००७ लाई "पोखरा भ्रमण वर्ष", २०११ लाई नेपाल पर्यटन वर्ष (Nepal Tourism Year 2011) र सन् २०१२ लाई लुम्बिनी भ्रमण वर्ष (Visit Lumbini Year) का रूपमा मनाइएको थियो र सन् (२०२५-२०३५) लाई "नेपाल पर्यटन दशक"को रूपमा मनाउने तयारी गरिएको छ। सन् २०२० लाई Visit Nepal 2020 मनाउने तयारी भएकोमा कोभिड महामारीका कारण सफल हुन भने सकेन। विगतमा पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको समेत महत्वपुर्ण योगदान रहेको देखिन्छ।



सचिव

## १.३ वर्तमान स्थिति

नेपाल सरकारले निजी क्षेत्रलाई नेतृत्वदायी भुमिका प्रदान गरी पर्यटन पूर्वाधार विकास, नीतिगत सहजीकरण, अनुगमन तथा नियमन लगायतका क्षेत्रमा आफुलाई केन्द्रित गर्दै आएको छ। पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीमा बढोत्तरी भई विश्वस्तरका ठूला चेन होटेलहरू थपिएका छन्। यसैगरी ट्राभल्स एण्ड टुर्स सेवा, साहसिक पर्यटन क्षेत्र, हवाई सेवा लगायतमा समेत निजी क्षेत्रबाट प्रशस्त लगानी भएको देखिन्छ। नेपालीहरूको क्रयशक्तिमा भएको सुधार, नयाँ गन्तव्यको खोजी र भ्रमण गर्ने बढ्दो प्रवृत्तिसंगै ग्रामीण पर्यटकीय गतिविधिमा पनि उल्लेखनिय विस्तार भएको देखिन्छ। कोभिड महामारी लगायत अन्य प्राकृतिक प्रकोपबाट शिथिल पर्यटन उद्योगलाई लयमा ल्याउन क्षतिग्रस्त सम्पदा तथा अन्य भौतिक संरचनाको पुनर्निमाण गरिनुका साथै नीतिगत सहजीकरणका कार्यक्रममार्फत पर्यटन क्षेत्रलाई पूनरुत्थान गरिँदै आएको छ। आन्तरिक तथा बाह्य पर्यटनका क्षेत्रमा देखिएका यिनै सम्भावना र अवसरलाई सहभागितामूलक तरिकाले उपयोग गरी पर्यटन क्षेत्रको लाभलाई समुदायस्तरसम्म समानुपातिक रूपमा वितरण गर्नुपर्ने अवस्था देखिएको छ।

## १.४ समस्या र चुनौती

### १.४.१ समस्या

पर्यटकीय उपजको विविधीकरण, विस्तार र पर्यटकीय स्थलको पर्याप्त विकास हुन नसक्नु, गुणस्तरिय र सुविधाजनक पूर्वाधारको कमी, पर्यटकीय उपजहरूको प्रचारप्रसार प्रभावकारी नहुनु, पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउन नसक्नु, पर्यटन संस्कृतिको विकास र विस्तार गर्न नसक्नु, पर्यटकले प्राप्त गर्ने सेवालाई प्रविधिमैत्री बनाउन नसक्नु, अन्तर-तह तथा अन्तर-निकाय समन्वयको कमी, दक्ष जनशक्तिको कमी हुनु, विद्यमान कानुनी व्यवस्था समयानुकुल र पर्यटनमैत्री नहुनु जस्ता समस्याहरू रहेका छन्।

### १.४.२ चुनौती

कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान बढाउनु, पर्यटन क्षेत्रमा रोजगारी र स्वरोजगारीको अवसर वृद्धि गर्नु, गुणस्तरिय पर्यटन पूर्वाधार विकासमा लगानी आकर्षण गर्नु, गुणस्तरिय पर्यटक भित्र्याउनु, पर्यटकले प्रयोग गर्ने स्थानीय वस्तु तथा सामाग्रीको गुणस्तर प्रमाणीकरण गर्नु, पर्यटकको सुरक्षा, खोज तथा उद्धारलाई प्रभावकारी बनाउनु, स्थलमार्गबाट भित्रिने पर्यटका साथै आन्तरिक पर्यटकको समेत अभिलेखीकरण गर्नु, पर्यटकीय गतिविधिलाई जलवायू अनुकुलन बनाउनु, अन्तर्राष्ट्रिय हवाई सेवा विस्तार गर्नु, अन्तर्राष्ट्रिय बजारमा नेपाललाई प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा स्थापित गर्नु, पर्यटन क्षेत्रको शासकिय दक्षता सुधार गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १.५ नयाँ नीतिको आवश्यकता

परिवर्तीत शासकीय व्यवस्था अनुकुल बनाउन, पर्यटन क्षेत्रको विकासमार्फत रोजगारीका थप अवसर सिर्जना गर्न, आन्तरिक र वैदेशिक लगानी आकर्षण गर्न, पर्यटकको रूचि र पर्यटकीय प्रविधिमा आएको परिवर्तन सम्बोधन गर्न, पर्यटकीय क्षेत्रमा आएका नयाँ आयामहरु जस्तै- अध्यात्म, खेल, स्वास्थ्य, शिक्षालगायतका नयाँ क्षेत्रहरूलाई सम्बोधन गर्न, पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको भुमिकालाई प्रवर्द्धन तथा प्रोत्साहन गर्दै नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउन र आर्थिक समृद्धिको आधारशीला तयार गर्न साविकको नीतिलाई प्रतिस्थापन गरी नयाँ पर्यटन नीति तर्जुमा गरिएको हो।

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिच्छेद- दुई

## नीतिको संरचना

### २.१ दूरदृष्टि (Vision)

"अद्वितीय पर्यटकीय गन्तव्य नेपाल"

### २.२ लक्ष्य (Goal)

राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।

### २.३ उद्देश्यहरू (Objectives)

(क) पर्यटकीय उपजको पहिचान, विकास र विविधीकरण गर्नु ।

(ख) गुणस्तरीय र सुरक्षित पर्यटन पूर्वाधार तथा सेवाको विकास गर्नु।

(ग) पर्यटकीय उपजको प्रवर्द्धन गर्नु।

(घ) दिगो र उत्थानशील पर्यटन विकास गर्नु।

(ङ) पर्यटन क्षेत्रमा शासकीय दक्षता सुधार गर्नु।

### २.४ रणनीतिहरू

**२.४.१ सम्भावित र उदीयमान पर्यटकीय क्षेत्रको अन्वेषण तथा अध्ययन अनुसन्धान गर्ने।**

कार्यनीतिहरू :

(क) स्थानीयस्तरमा उपलब्ध पर्यटकीय सम्भाव्यताका वस्तु तथा सेवाका बारेमा खोज, अध्ययन तथा अनुसन्धान गरिनेछ।

(ख) मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको खोज, अन्वेषण तथा संरक्षण गरिनेछ।

(ग) वैज्ञानिक तथा अन्य खोजमूलक अध्ययन अनुसन्धानका लागि अन्तर्राष्ट्रिय अनुसन्धानकर्तालाई प्रोत्साहन गरिनेछ।

(घ) पर्यटन क्षेत्रको अध्ययन-अनुसन्धान तथा विकासका लागि स्वदेश तथा विदेशका विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसंग सहकार्य गरिनेछ।

**२.४.२ विद्यमान पर्यटकीय उपजको स्तरोन्नती र विकास गर्ने।**

कार्यनीतिहरू :-

(क) प्रमुख पर्यटकीय गन्तव्यको वर्गीकरणसहितको वस्तुगत विवरण (Profile) तयार गरिनेछ।



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(ख) स्थानीय खाना तथा पहिरन, रैथाने कृषि अभ्यास र लोककलाको व्यवसायीकरण गरिनेछ।

(ग) पदमार्गमा रहेका स्थानीय बस्तीमा होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

(घ) पर्यटकलक्षित चाडपर्व तथा जात्रा लगायतका साँस्कृतिक तथा धार्मिक महोत्सवको आयोजना गरिनेछ।

(ङ) नेपाललाई खेल पर्यटन गन्तव्य, वैवाहिक समारोह गन्तव्य, हिमाल लक्षित पर्यटकीय क्रियाकलाप र ज्येष्ठ नागरिक बसोबास गन्तव्य जस्ता गन्तव्यको रूपमा विकास गरिनेछ।

(च) ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गरिनेछ।

(छ) स्थानीय कला, संस्कृति र साहित्यको जगेर्ना गर्न प्रदेश सरकार तथा स्थानीय तहसंग समन्वय गरिनेछ।

**२.४.३ पर्यटकीय गन्तव्य र उपजको विविधीकरण र विस्तार गर्ने।**

कार्यनीतिहरू :-

(क) पर्वतारोहण, पदयात्रा, जलयात्रा (जस्तै क्यानोनिङ, ह्वाइट वाटर रिभर र्‍याफ्टिङ, जलक्रीडा, बोटिङ), स्काई डाइभिङ ,बञ्जी जम्पिङ ,प्यारागलाइडिङ, उच्च हिमाली स्कीइङ ,माउन्टेन बाइकिङ, हाई अल्टिच्यूड मोटरबाईक राइड, जिप फ्ल्याएर, रक क्लाइम्बिङ, स्काइ वाल्क जस्ता साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ।

(ख) परम्परागत तथा प्राकृतिक चिकित्सा, ध्यान, योग र आरोग्य (Wellness) पर्यटनको प्रवर्द्धन गर्न सम्बन्धित संघसंस्थासँग सहकार्य गरिनेछ।

(ग) धार्मिक पर्यटकीय गन्तव्यहरूलाई परिपथको रूपमा विकास गरी पर्यटनको प्रवर्द्धन गरिनेछ।

(घ) शैक्षिक पर्यटनको प्रवर्द्धन गर्न शैक्षिक संस्थाहरू विशेषगरी विश्वविद्यालयको क्षमता विकास गरी अन्तर्राष्ट्रिय विद्यार्थीलाई आकर्षित गरिनेछ।

(ङ) स्वास्थ्य सेवा प्रदायक संस्थाको गुणस्तर र क्षमता वृद्धि गरी स्वास्थ्य पर्यटनको प्रवर्द्धन गरिनेछ।

(च) मौलिक तथा रैथाने खानपिनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ।

(छ) अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनका लागि अन्तर्राष्ट्रियस्तरको स्टुडियो निर्माण गर्न प्रोत्साहित गरिनेछ।

(ज) नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय खेलकुदमा भाग लिने खेलाडी तथा चलचित्रमा अभिनय गर्ने कलाकारका लागि भिषा शुल्क नलाग्ने व्यवस्था गरिनेछ।

(झ) वहुमौसमी पर्यटनको प्रवर्धन गर्न विभिन्न देशका पर्यटन उत्पादन र अनुभवलाई समेटेर क्षेत्रीय क्लष्टरहरूको विकास, पर्यटनको गुणस्तरमा वृद्धि, पर्यटकीय उपज र उत्पादनमा विविधीकरण गरिनेछ।



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

२.४.४ गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माण गर्ने।

कार्यनीतिहरू :-

(क) विमानस्थल, सडक र पदमार्ग तथा केबलकारको विस्तार र स्तरोन्नती गरिनेछ।

(ख) सार्वजनिक र निजी क्षेत्रबाट पर्यटकीय स्थलमा निर्माण हुने पूर्वाधारको गुणस्तर र सुरक्षा मापदण्ड निर्धारण गरी सोको अनिवार्य पालना गर्ने व्यवस्था गरिनेछ।

(ग) नियमित यातायातका साधन उपलब्ध नहुने स्थानमा पर्यटकको तत्काल खोज तथा उद्धार गर्न पर्यटक सहायता केन्द्रको स्थापना गरिनेछ।

(घ) सम्भाव्यता र आवश्यकताको आधारमा आन्तरिक विमानस्थलहरूमा रात्रीकालिन उडान गरिनेछ।

(ङ) पदयात्राका लागि खुला भएका मार्गहरूको स्तरोन्नति गरिनुका साथै नयाँ तथा वैकल्पिक पदमार्गको पहिचान र विकास गरिनेछ।

२.४.५ पर्यटन सेवामा पहुँच अभिवृद्धि गर्ने।

कार्यनीतिहरू :-

(क) पर्यटकीय स्थलहरूको सुरक्षा व्यवस्था सुदृढ बनाईनेछ। पर्यटकीय स्थल पुग्ने यातायात पूर्वाधारको स्तरोन्नती गर्नुका साथै यातायातको साधनका सुरक्षा र स्तरवृद्धि गरिनेछ।

(ख) पर्यटक प्रहरीको प्रभावकारी परिचालन गरी चौबिसै घण्टा हेल्पलाईन सेवा सुरु गरिनेछ।

(ग) पदयात्रा अनुमति प्रणालीलाई सूचना प्रविधिमा आधारित एकद्वार प्रणालीमा आबद्ध गरिनेछ। निजी क्षेत्रले प्रदान गर्ने पर्यटकीय सेवामा पदयात्रालाई व्यवस्थित तवरले आबद्ध गरिनेछ।

(घ) संरक्षित क्षेत्र र निषेधित क्षेत्रको भ्रमण तथा पदयात्रालाई सहज बनाउन विद्यमान कानुनी व्यवस्थामा पूनरावलोकन गरिनेछ।

(ङ) पदमार्ग तथा ग्रामीण क्षेत्रका सम्भाव्य बस्तीमा घरबास (होमस्टे) सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

(च) स्थानीय तह र सम्बद्ध संघसंस्थाको समन्वय र सहकार्यमा पदयात्रा मार्गमा आवश्यकता अनुसारको सङ्केत चिन्ह व्यवस्थित गर्नुका साथै पदयात्रा मार्गको सुरक्षा र सरसफाइको व्यवस्था सुनिश्चित गरिनेछ।

(छ) पर्यटन सेवा क्षेत्रलाई प्रवर्द्धन गर्न आवश्यक छुट, सहुलियत, प्रोत्साहन तथा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२.४.६ पर्यटन पूर्वाधार र सेवा विस्तारमा लगानी प्रवर्द्धन गर्ने।

कार्यनीतिहरू :-



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरू निर्माण र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

(ख) राजधानी बाहिरका विमानस्थलहरूलाई क्षेत्रीय हबको रूपमा विकास गरी अन्तर-देशीय तथा अन्तर-क्षेत्रीय हवाइ सेवा सञ्चालन गरिनेछ।

(ग) राजधानी बाहिरका अन्तर्राष्ट्रिय विमानस्थलहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

(घ) प्रदेश तथा स्थानीय तहमा खेल पर्यटन प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधारमा लगानी आकर्षित गरिनेछ।

**२.४.७ नेपालका पर्यटकीय उपजको सम्भाव्य श्रोत बजारमा प्रचारप्रसार गर्ने।**

कार्यनीतिहरू :-

(क) नेपालको उत्सव, महोत्सवको बार्षिक पात्रो निर्माण गरिनेछ।

(ख) नेपाललाई उत्कृष्ट गन्तव्यको रूपमा प्रस्तुत गर्न प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिक लगायतका पर्यटकीय उपजको ब्रान्डिङ् गरिनेछ।

(ग) व्यवसायिक पर्यटन (बैठक, सभा/सम्मेलन, प्रदर्शनी, प्रोत्साहन भ्रमण) का लागि नेपाल उत्कृष्ट गन्तव्य रहेको सन्देश अन्तर्राष्ट्रिय बजारमा प्रवाह गरिनेछ।

(घ) डिजिटल प्रविधि समेतको प्रयोग गरी नेपालको पर्यटकीय विशेषता झल्काउने श्रव्यदृश्य सामग्री बहुभाषामा प्रकाशनका साथै विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट प्रसारण गरिनेछ।

(ङ) प्रदेश र अन्तर-स्थानीय तहको साझेदारीमा पर्यटकीय उपजको संयुक्त रूपमा प्रचारप्रसार र सूचनाको आदान-प्रदान गरिनेछ।

**२.४.८ पर्यटन प्रवर्द्धनमा निजी क्षेत्र, विदेशस्थित नेपालका कुटनीतिक नियोगका साथै गैरआवासीय नेपालीसंग सहकार्य गर्ने।**

कार्यनीतिहरू :-

(क) नेपालको पर्यटन प्रवर्द्धन गर्न विदेशस्थित नेपाली कुटनीतिक नियोग, अवैतनिक महावाणिज्यदूत एवं वाणिज्यदूतहरूसंग सहकार्य गरिनेछ।

(ख) विभिन्न मुलुकमा रहेका गैर आवासिय नेपालीलाई पर्यटन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।



सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) विदेशस्थित विभिन्न मुलुकमा रहेका गैरआवासिय नेपालीसंग रहेको पर्यटनसंग सम्बन्धित ज्ञान, सीप र प्रविधिको आदानप्रदान गरिनेछ।

(घ) गैरआवासिय नेपालीका परिवारलाई लक्षित गरी पुर्ख्यौली थाँतथलो भ्रमण गर्नको लागि विशेष अभियान सञ्चालन गरिनेछ।

(ङ) पर्यटन क्षेत्रको विकास तथा विस्तारका लागि निजी क्षेत्रको समेत सहभागिता र सहलगानीमा विभिन्न पर्यटन मेला, महोत्सव, गन्तव्य प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिनेछ।

**२.४.९ पर्यटन क्षेत्रका अन्तर्राष्ट्रिय सेवाप्रदायकसंग सहकार्य गर्ने।**

कार्यनीतिहरू :-

(क) पर्यटनसंग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ-संगठनसंग पर्यटन विकासका लागि समन्वय र सहकार्य गरिनेछ।

(ख) ख्यातीप्राप्त अन्तर्राष्ट्रिय ट्राभल्स तथा टुर्स सञ्चालक र चेन होटल लगायतका पर्यटन सेवाप्रदायकसंगको साझेदारी र सहकार्यमा नेपालका पर्यटकीय उपजहरूको प्रवर्द्धन गरिनेछ।

(ग) पर्यटन क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायकसंगको समन्वयमा मार्ट, मेला, प्रदर्शनी, गन्तव्य प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति विकासका लागि अन्तर्राष्ट्रिय पर्यटन सेवा प्रदायकसंग सहकार्य गरिनेछ।

(ङ) अन्तर्राष्ट्रिय संघ-संस्थाबाट पर्यटन सेवाको गुणस्तर प्रत्यायन (Accreditation) गराईनेछ।

**२.४.१० पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउने।**

कार्यनीतिहरू :-

(क) पर्यटकीय गन्तव्य स्थललाई वातावरणमैत्री बनाउँदै पर्यटक तथा सेवाप्रदायकको आचारसंहिता बनाई लागु गरिनेछ।

(ख) हरित अर्थतन्त्र तथा पर्यापर्यटनको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(ग) दुर्लभ र लोपोन्मुख पशुपंक्षी, रहेका स्थलहरूको पहिचान गरी खुला चिडियाखाना, वनस्पती उद्यान जस्ता विशिष्ट पारिस्थितिकीय प्रणालीको संरक्षण (in-situ conservation), संवर्द्धन र प्रदर्शन स्थलको रूपमा विकास गरिनेछ।

(घ) सामाजिक, सांस्कृतिक र वातावरणीय मूल्यको संरक्षण र प्रवर्द्धन गर्न पर्यटकको संख्यात्मक भन्दा गुणात्मक वृद्धिमा प्राथमिकता दिईनेछ।



सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) वातावरणमैत्री पर्यटनको प्रवर्द्धन गर्न प्रदुषणजन्य वस्तुको कम प्रयोग, न्युनतम फोहोरको उत्पादन, फोहोरमैलाको पुन:प्रयोग सम्बन्धी मापदण्ड निर्माण गरिनुका साथै आधुनिक प्रबिधिको प्रयोग गरी वातावरणीय प्रदुषणको प्रभावलाई न्यूनीकरण गर्न जिम्मेवार पर्यटन (Responsible Tourism) लाई प्रोत्साहन गरिनेछ।

**२.४.११ पर्यटकीय गन्तव्य र गतिविधिमा हुने जोखिम न्यूनीकरण गर्ने।**

कार्यनीतिहरू :-

(क) जलवायु परिवर्तनबाट पर्यटकीय सम्पदामा पर्न सक्ने जोखिम र प्रभाव न्यूनीकरणका बारेमा व्यापक प्रचारप्रसार गरिनेछ।

(ख) स्थानीय तहसंगको समन्वयमा पर्यटकीय क्षेत्रमा वातावरण अनुकुलनका क्रियाकलाप सञ्चालन गरिनेछ।

(ग) पर्यटकहरूका साथमा जाने पथप्रदर्शक र सहयोगीलाई वातावरण संरक्षणसम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ।

(घ) निजी क्षेत्र तथा सरोकारवालासंगको सहकार्यमा पर्यटकीय क्षेत्रमा विपद र महामारीबाट आमसमुदायलाई जोखिमबाट सुरक्षित राख्न जोखिम न्यूनीकरण तथा उद्धार कार्ययोजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

(ङ) पर्यटकीय क्रियाकलापले स्थानीय परम्परा, संस्कृति र जीवनशैलीलाई सम्मान तथा संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**२.४.१२ पर्यटनबाट प्राप्त लाभ समन्यायीक रूपमा वितरण गर्ने।**

कार्यनीतिहरू :-

(क) संरक्षण क्षेत्र तथा राष्ट्रिय निकुञ्ज लगायतका पर्यटकीय स्थानबाट संकलित पर्यटन शुल्क/दस्तुरको निश्चित अंश वातावरण संरक्षणमा खर्च गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

(ख) पर्यटन क्षेत्रबाट प्राप्त लाभमा स्थानीय समुदायको समन्यायिक सहभागिताको व्यवस्था गरिनेछ।

(ग) पर्यटकीय गतिविधिमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्दै रोजगारी र आयआर्जनका कार्यक्रममा सहभागी गराइनेछ।

(घ) रैथाने कृषि अभ्यास, साँस्कृतिक क्रियाकलाप तथा परम्परागत प्रविधिलाई पर्यटकीय गतिविधिसंग आबद्ध गरिनेछ।

(ङ) ग्रामिण र दुर्गम क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न स्थानीय समुदायको क्षमता विकास गरिनेछ।



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

२.४.१३ पर्यटन सेवाप्रवाह व्यवस्थापन प्रणालीलाई कुशल, प्रभावकारी र उत्तरदायी बनाउने।

कार्यनीतिहरू

(क) पर्यटन क्षेत्रका नीतिगत र कानुनी व्यवस्थामा समयसापेक्ष सुधार गरिनेछ।

(ख) पर्यटन क्षेत्रका नीति तथा कानून र विषय क्षेत्रगत नीति तथा कानूनबीच सामञ्जस्य कायम गरिनेछ।

(ग) विदेशी पर्यटकले तिर्नुपर्ने सेवा शुल्क अनलाइन प्रणालीबाट समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइनेछ।

(घ) पर्यटनको क्षेत्रको अध्ययन, अनुसन्धान एवं तथ्याङ्क तथा सूचना अद्यावधिक गरिनेछ। पर्यटनसँग सम्बन्धित समग्र तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न Tourism Satellite Account तयार गरिनेछ।

(ङ) पर्यटक आवागमनलाई सहज बनाउन भिषा प्रकृयालाई सरलीकरण गर्ने र अनलाईन भिषा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

२.४.१४ पर्यटन सेवा व्यवस्थापनमा अन्तरतह तथा अन्तरनिकाय समन्वय गर्ने।

कार्यनीतिहरू

(क) स्थलमार्गबाट नेपाल भित्रिने पर्यटकहरूको आवागमन सहजीकरणका लागि प्रदेशसंगको सहकार्यमा मूख्य नाकाहरूमा एकीकृत पर्यटन सेवा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

(ख) पर्यटन व्यवसायको दर्ता, नवीकरण, खारेजीजस्ता प्रशासनिक सेवाको वर्गीकरण गरी प्रदेश तथा स्थानीय तहलाई समेत जिम्मेवार बनाइनेछ।

(ग) पर्यटकका लागि उपलब्ध गराईने सेवा सुविधालाई गुणस्तरीय बनाउन अन्तर मन्त्रालय तथा प्रदेश सरकार एवम् स्थानीय तहसंग समन्वय गरिनेछ।

२.४.१५ पर्यटन सेवा प्रवाह गर्ने सरकारी निकाय तथा निजी क्षेत्रका सेवाप्रदायकको संस्थागत क्षमता विकास गर्ने।

कार्यनीतिहरू

(क) सार्वजनिक तथा निजी क्षेत्रका पर्यटन सेवामा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ।



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(ख) पर्यटकीय उपज र सेवाको गुणस्तरीयता कायम गर्न तथा जनशक्तिको विकास गर्न सम्बद्ध विज्ञ तथा जानकारहरूलाई परिचालन गरिनेछ।

(ग) पर्यटन सम्बन्धी सम्पुर्ण सूचना सहज रूपमा उपलब्ध गराउन एकीकृत विद्युतीय प्रणालीको विकास गरी सञ्चालनमा ल्याइनेछ।

(घ) सार्वजनिक निकायबाट प्रदान गरिने पर्यटन सेवालाई विद्युतीय माध्यमबाट प्रदान गरिने व्यवस्था मिलाइनेछ।

(ङ) पर्यटन प्रशासन सम्बन्धी सेवाप्रवाहको मापदण्ड निर्धारण र प्रक्रियागत सरलीकरण गरिनेछ।

(च) विद्यालय तथा उच्चशिक्षाको पाठ्यक्रममा आन्तरिक पर्यटनसम्बन्धी विषय समावेश गरिनेछ। विद्यालय तथा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक पर्यटकको रूपमा आन्तरिक भ्रमण गराउन प्रोत्साहन गरिनेछ।

(छ) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान (NMA) लाई पर्यटन क्षेत्रको जनशक्ति उत्पादन गर्ने उत्कृष्ट संस्थाको रूपमा विकास गरिनेछ।

(ज) तथ्याङ्कको अद्यावधिक अभिलेख प्रवेश बिन्दुमा राख्ने व्यवस्था मिलाइनेछ। स्थलमार्गबाट प्रवेश गर्ने पर्यटकको तथ्याङ्कलाई एकीकृत रूपमा Ce-TMIS मा आबद्ध गरिनेछ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

परिच्छेद- तीन

# नीति कार्यान्वयन

## ३.१ आर्थिक व्यवस्था

नीतिको कार्यान्वयनको लागि नेपाल सरकारले आन्तरिक तथा वैदेशिक स्रोत परिचालन गर्नेछ। पर्यटन पूर्वाधार निर्माण तथा सेवा वितरणमा विदेशी लगानी आकर्षित गरिनेछ। पर्यटकीय पूर्वाधार र सेवाको विकास तथा विस्तार कार्यको लागि निजी लगानी प्रोत्साहित गरिनेछ। यस्तो लगानीलाई ग्रामीण तथा दुर्गम क्षेत्रमा सञ्चालन गर्न प्राथमिकता दिईनेछ। प्राथमिकता र आवश्यकताका आधारमा प्रदेश सरकार र स्थानीय तहका साथै सहकारी र सामुदायिक क्षेत्रबाट समेत लगानी परिचालन हुने व्यवस्था मिलाईनेछ।

निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत पर्यटकीय क्षेत्रको वातावरण संरक्षण र जनशक्ति विकासमा योगदान गर्नेछ।

## ३.२ संस्थागत व्यवस्था

### ३.२.१ राष्ट्रिय पर्यटन परिषद्

(क) यस नीतिको कार्यान्वयनका लागि मार्गदर्शन गर्न, अन्तरनिकाय तथा अन्तरतह समन्वय गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अनुसूची १ बमोजिमको राष्ट्रिय पर्यटन परिषद् गठन हुनेछ। समितिको बैठक बर्षमा कम्तीमा एक पटक बस्ने र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(ख) राष्ट्रिय पर्यटन प्रशासन (National Tourism Administration, NTA) को रूपमा नेपाल सरकार, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहनेछ। पर्यटन प्रशासन सम्बन्धी कार्यका लागि मन्त्रालयलाई सहयोग गर्न मन्त्रालय मातहत विभाग, बोर्ड, प्राधिकरणहरू रहनेछन्। यी निकायहरूले पर्यटनसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा तथा समन्वय गर्नेछन्।

### ३.२.२ राष्ट्रिय पर्यटन समन्वय समिति

यस नीतिको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्न, अन्तरनिकाय तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्न अनुसूची-२ बमोजिमको राष्ट्रिय पर्यटन समन्वय समिति रहनेछ।

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यजिम्मेवारी-

(ख) नीति कार्यान्वयनमा सहजीकरण र अन्तर निकाय समन्वय गर्नेछ।

(ग) नीतिको परिमार्जनका लागि मन्त्रालयसमक्ष सुझाव पेश गर्नेछ।

(घ) नीति कार्यान्वयनको अनुगमन र पृष्ठपोषण प्रदान गर्नेछ।

(ङ) नीति कार्यान्वयनका लागि बार्षिक कार्ययोजना स्वीकृतिका निम्ति सम्बन्धित निकायसमक्ष सिफारिस गर्नेछ।

(च) समितिको बैठक बर्षमा कम्तीमा दुई पटक बस्ने र सगितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(छ) समितिले आवश्यकताअनुसार विषयविज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## ३.३ अनुगमन, मूल्याङ्कन तथा नीति पूनरावलोकन

मन्त्रालयले यस नीति कार्यान्वयनको सूचक तयार गरी अनुगमन गर्नेछ। राष्ट्रिय योजना आयोगबाट तयार गरिएको अनुगमन तथा मूल्याङ्कन, दिग्दर्शन २०७५ बमोजिम अनुगमन गरिनेछ। मन्त्रालयले नीति कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन तयार गरी वेबसाइटमार्फत सार्वजनिक गर्नेछ। प्रदेश र स्थानीय तहले आ-आफ्नो कार्यक्षेत्रको अनुगमन र मूल्याङ्कनका आधारमा बार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ। मन्त्रालयले यस नीति प्रारम्भ भएको दश वर्षपछि पुनरावलोकन गर्नेछ। मन्त्रालयले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानसंग समन्वय गरी आवधिक रूपमा परिमार्जन गर्न सक्नेछ।

## ३.४ कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यकतानुसार पर्यटनसँग सम्बन्धित विषयगत कानूनहरूको समीक्षा गरी विद्यमान कानूनमा संशोधन, परिमार्जन तथा नयाँ कानूनको निर्माण गरिनेछ।

## ३.५ नीति समन्वय र सामञ्जस्यता

यस नीतिको कार्यान्वयनको लागि तीनै तहका सरकारले अन्तरतह समन्वय कायम गर्नेछन। अनुसुचि १ र २ बमोजिम गठित समितिहरूले नीतिगत समन्वय र सामञ्जस्यता कायम गर्नेछन्।

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

### ३.६ जोखिम

#### ३.६.१ सम्भावित जोखिम

पर्यटन क्षेत्रको विकासका लागि आवश्यक स्रोत व्यवस्थापन गर्नु, जलवायु परिवर्तन अनुकूलन तथा प्रभावको न्यूनीकरण गर्नु, विभिन्न प्राकृतिक विपद् तथा महामारीको व्यवस्थापन गर्नु, प्रविधिगत प्रणालीको दिगो सञ्चालन जस्ता विषयहरू सम्भावित जोखिमको रूपमा आँकलन गर्न सकिन्छ।

#### ३.६.२ जोखिम व्यवस्थापन

स्रोत परिचालनका लागि सार्वजनिक निजी साझेदारी प्रोत्साहन, जलवायू अनुकुलनका लागि स्थानीय अनुकुलन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद पूर्व सूचना प्रणाली, जलवायू वित्त र न्याय र नविनतम प्रविधि र विद्युतीय सुरक्षामा जोड दिइनेछ।

### ३.७ खारेजी तथा बचाउ

पर्यटन नीति, २०६५ खारेज गरिएको छ। पर्यटन नीति, २०६५ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीतिबमोजिम भए गरेको मानिनेछ।

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

## राष्ट्रिय पर्यटन परिषद्

(क) सम्माननीय प्रधानमन्त्री – अध्यक्ष

(ख) मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य

(ग) मन्त्री, अर्थ मन्त्रालय – सदस्य

(घ) मन्त्री, गृह मन्त्रालय – सदस्य

(ङ) मन्त्री, परराष्ट्र मन्त्रालय – सदस्य

(च) मन्त्री, वन तथा वातावरण मन्त्रालय – सदस्य

(छ) मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – सदस्य

(ज) मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय – सदस्य

(झ) मुख्यमन्त्री, सवै प्रदेश

(ञ) सभापति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, व्यवस्थापिका संसद – सदस्य

(ट) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग – सदस्य

(ठ) गभर्नर, नेपाल राष्ट्र बैंक – सदस्य

(ड) मुख्य सचिव, नेपाल सरकार – सदस्य

(ढ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य

(ण) अध्यक्ष, नेपाल उद्योग परिसंघ – सदस्य

(त) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स – सदस्य

(थ) पर्यटन क्षेत्रका व्यवसायी एवं संघसंस्था मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा २ जना महिला सहित पाँच जना – सदस्य

(द) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य सचिव



सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची–२

<u>राष्ट्रिय पर्यटन समन्वय समिति</u>

| | | |
|---|---|---|
| (क) | मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | – अध्यक्ष |
| (ख) | मन्त्री, पर्यटन हेर्ने प्रदेश मन्त्रालय सबै | – सदस्य |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (पर्यटन हेर्ने) | – सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | – सदस्य |
| (च) | सचिव, परराष्ट्र मन्त्रालय | – सदस्य |
| (छ) | सचिव, वन तथा वातावरण मन्त्रालय | – सदस्य |
| (ज) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | – सदस्य |
| (झ) | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | – सदस्य |
| (ञ) | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | – सदस्य |
| (ट) | अध्यक्ष, नेपाल नगरपालिका संघ | - सदस्य |
| (ठ) | अध्यक्ष, राष्ट्रिय गाउँपालिका महासंघ नेपाल | - सदस्य |
| (ड) | महानिर्देशक, पर्यटन विभाग | – सदस्य |
| (ढ) | महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण | – सदस्य |
| (ण) | प्रमुख कार्यकारी निर्देशक, नेपाल पर्यटन बोर्ड | – सदस्य |
| (त) | महाप्रबन्धक, नेपाल वायु सेवा निगम | – सदस्य |
| (थ) | अध्यक्ष, NATTA | – सदस्य |



सचिव
नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(द) अध्यक्ष, होटेल संघ नेपाल – सदस्य

(ध) अध्यक्ष, नेपाल पर्वतारोहण संघ – सदस्य

(न) अध्यक्ष, PATA Nepal -सदस्य

(ऩ) अध्यक्ष, NARA -सदस्य

(प) अध्यक्ष, TAAN – सदस्य

(फ) अध्यक्ष, BARN board of airlines representative in Nepal -सदस्य

(ब) अध्यक्ष AoAN airlines operator association Nepal -सदस्यसहसचिव, पर्यटन प्रवर्द्धन महाशाखा, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य सचिव

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुचि-३

नीति कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३ | समितिहरूको गठन<br>राष्ट्रिय पर्यटन परिषद्<br>राष्ट्रिय पर्यटन समन्वय समिति | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | | ३ महिना भित्र | समिति गठन भएको हुने । |
| ४ | समितिहरूको पहिलो वैठक | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | | समिति गठन भएको १ महिना भित्र | बैठक सम्पन्न भएको हुने। |
| १ | नीतिको छपाई र वितरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन बोर्ड | १ महिना भित्र | सबै निकायले नीति प्राप्त गरेको हुने। |
| २ | पर्यटन सम्बद्ध निकायमा नीतिको सञ्चार गर्ने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन बोर्ड | १ महिना भित्र | |

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | पर्यटकीय उपजको वस्तुगत विवरण तयार गर्ने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन बोर्ड | ६ महिना भित्र | नयाँ नयाँ पर्यटकीय उपजको पहिचान, र विवरण तयार भएको हुने। |
| ६ | पर्यटकीय उपजको विविधीकरण गर्ने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन बोर्ड, पर्यटन विभाग, निजी क्षेत्र | निरन्तरा | पर्यटकीय उपजहरूको विकास तथा विस्तार भएको हुने। |
| ७ | सम्भाव्यता र आवश्यकताको आधारमा आन्तरिक विमानस्थलहरूमा रात्रीकालिन उडान गरिनेछ । | नेपाल नागरिक उड्डयन प्राधिकरण | वायूसेवा कम्पनीहरू | निरन्तर | |
| ८ | पदयात्रा अनुमति प्रणालीलाई सूचना प्रविधिमा आधारित एकद्वार प्रणालीमा आबद्ध गरिनेछ। | पर्यटन विभाग | पर्यटन बोर्ड ट्रेकिङ्ग एजेन्सिज एशोसियसन | निरन्तर | |
| ९ | पर्यटकीय उपज र गतिविधिहरूको प्रचारप्रसार | पर्यटन बोर्ड | निजी क्षेत्र कुटनीतिक नियोग | निरन्तर | |

सचिव



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पर्यटनसंग सम्बन्धित मापदण्ड तथा आचारसंहिता। (जस्तै: पर्यटक आचारसंहिता, पर्यापर्यटन मापदण्ड) | पर्यटन विभाग<br>पर्यटन बोर्ड | निजी क्षेत्र | १ वर्ष भित्र | मापदण्ड र आचारसंहिता तयार भएको हुने |
| ११ | पर्यटनसंग सम्बन्धित कानुनी र नीतिगत परिमार्जन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | कानून र अर्थ | १ वर्ष | |
| १२ | Tourism Satelite Account तयार गर्ने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन बोर्ड | १ वर्ष | |
| १३ | अनलाईन भिषा प्रदान गर्ने | गृह मन्त्रालय | | निरन्तर | |
| १४ | पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकास | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान<br>नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान<br>निजी क्षेत्र | पर्यटन बोर्ड | निरन्तर | |